# साफ यू-१७ च्याम्पियनसिपका लागि नेपाली टोली घोषणा




**हिमालय टाइम्स**

काठमाडौं, २२ भदौ

दक्षिण एसियाली फुटबल महासंघ (साफ) यू-१७ च्याम्पियनसिपका लागि नेपालले २३ सदस्यीय टोली सार्वजनिक गरेको छ। मुख्य प्रशिक्षक सञ्जीत सिंहले टोली घोषणा गर्नुभएको हो।

आगामी सेप्टेम्बर १५ देखि २७ सम्म श्रीलंकामा आयोजना हुने प्रतियोगितामा नेपाल समूह 'ए' मा परेको छ। नेपालले उद्घाटन खेलमै आयोजक श्रीलंकासँग प्रतिस्पर्धा गर्दै खेल सुरु गर्नेछ। उक्त खेल सेप्टेम्बर १५ तारिखमा हुने कार्यक्रम छ। समूह चरणको दोस्रो खेलमा नेपालले सेप्टेम्बर १८ मा बंगलादेशको सामना गर्नेछ।

यसपटकको प्रतियोगितामा दुई समूह रहेका छन्। समूह 'ए' मा नेपाल, श्रीलंका र बंगलादेश छन् भने समूह 'बी' मा भारत, माल्दिभ्स, पाकिस्तान र भुटान प्रतिस्पर्धी हुनेछन्। समूह चरणपछि दुवै समूहका शीर्ष दुई टोली सेमिफाइनलमा प्रवेश गर्नेछन्।

नेपालले यसअघि पनि यू-१५ र यू-१८ स्तरमा साफ प्रतियोगितामा उल्लेख्य प्रदर्शन गर्दै उपाधि जितेको अनुभव बोकेको छ। यसपटक यू-१७ स्तरमा पनि उपाधि लक्ष्यसहित टोली श्रीलंकातर्फ प्रस्थान गर्ने तयारीमा रहेको प्रशिक्षक सिंहले बताउनुभएको छ।

सार्वजनिक गरिएको नेपाली टोलीमा गोलकिपर पेम्बा नुर्बु भोटे, राम बोहरा र विशेष बानियाँ, रक्षकमा प्रशान्त मोक्तान, दिपेन कार्की, धिरज रावल, आदित्य रानामगर, भुवन कामी, अनमोल कार्की, मौसम रोकाया र अनोज खड्का, मिडफिल्डरमा प्रशान्त मेयाङ्बो, राम थामी, कृष्ट भण्डारी, प्रतिश थापामगर, भुपेश लामा, नसिब हेन्जन, सुशन मगर र सुजन स्याङ्तान, फरवार्डमा समीर कुमार, दिगविजय शाही, निसकुमार श्रेष्ठ र रोहित श्रेष्ठ रहनुभएको छ।

नेपालले श्रीलंकाविरुद्ध उत्कृष्ट सुरुवात गर्दै बंगलादेशविरुद्ध पनि सशक्त खेल प्रस्तुत गर्ने विश्वास लिइएको छ। साफ प्रतियोगितामा नेपाली यू-१७ टोलीको प्रदर्शनलाई नेपाली फुटबलप्रेमीहरूले चासोका साथ हेर्ने अपेक्षा गरिएको छ।

■ एभरेस्ट महिला भलिबल लिग

# काठमाडौंको पहिलो जित, मधेसको दोस्रो हार

**हिमालय टाइम्स**

पोखरा, २२ भदौ



काठमाडौं स्पाइकर्सले एभरेस्ट महिला भलिबल लिगमा पहिलो जित दर्ता गरेको छ। पोखरा रंगशालास्थित बहुउद्देश्यीय कभर्डहलमा आइतबार भएको खेलमा काठमाडौंले मधेस युनाइटेडलाई तीन-एकको सेटले पराजित गरेको हो। काठमाडौं र मधेस आफ्नो पहिलो खेलमा ललितपुर क्विन्ससँग पराजित भएका थिए। मधेसले दोस्रो खेलमा शनिबार पोखरा निन्जाजलाई हराएको थियो।

पहिलो सेट २६-२४ ले आफ्नो पक्षमा पारेको काठमाडौंले दोस्रो सेट २३-२५ ले मधेसलाई सुम्पियो। तेस्रो र चौथो सेटमा पुनरागमन गर्दै काठमाडौंले लिगमा पहिलो जित दर्ता गरेको हो। काठमाडौंले तेस्रो सेट २५-२३ र चौथो सेट २५-१९ ले आफ्नो पक्षमा पार्‍यो।

इन्फिनिटी ड्रिम्स प्रालिको आयोजनामा हुने एभरेस्ट महिला भलिबल लिगको दोस्रो संस्करणमा साबिक विजेता कर्णाली यशविससहित ललितपुर क्विन्स, काठमाडौं स्पाइकर्स, मधेस युनाइटेड, लुम्बिनी लाभाज र पोखरा निन्जाज गरी ६ फ्रेन्चाइज टोलीले प्रतिस्पर्धा गर्दैछन्।

सिंगल राउण्ड रोबिनमा हुने लिगको शीर्ष दुईमा रहने टोलीले फाइनल खेल्नेछन्। उपाधि भिडन्त भदौ २८ गते हुनेछ।

# बाँकेको कोहलपुरमा फुटबल रंगशालाको शिलान्यास



**शुभाकर विश्वकर्मा/हिटा**

नेपालगञ्ज, २२ भदौ

बाँकेको कोहलपुर नगरपालिका-२ तेह्र विगाहास्थित खुल्ला मैदानलाई अत्याधुनिक सुविधासहितको फुटबल रंगशालाको शिलान्यास गरिएको छ। अत्याधुनिक सुविधासहितको फुटबल रंगशाला निर्माणका लागि शिलान्यास गरिएको हो। उक्त फुटबल रंगशाला निर्माण कार्यक्रमको कोहलपुर नगरपालिकाकी कार्यबाहक नगरप्रमुख संगीता सुवेदी र कोहलपुर नगरपालिका वडा नम्बर २ का वडा अध्यक्ष हरि कठायतले संयुक्त रुपमा धार्मिक विधि अनुरुप शिलान्यास गर्नुभयो।

तेह्र बिगाहा मैदानलाई पश्चिम क्षेत्रकै स्तरीय आधुनिक फुटबल रंगशाला निर्माणमा परिणत गर्ने उद्देश्य अनुसार यसअघि डीपीआरसमेत तयार गरिसकेको छ। डीपीआर तयार भएपछि नगरपालिकाले गत वैशाख महिनामा स्तरीय र आधुनिक रंगशाला निर्माण कार्यका लागि बोलपत्र आह्वान गरेको थियो। पहिलो चरणमा रंगशालाको प्यारापिट निर्माण गरिनेछ। कूल सात करोड रुपैयाँ लागतमा रंगशालाको प्यारापिट निर्माण हुने नगरपालिकाले जनाएको छ।

प्रतिष्पर्धामार्फत रंगशाला निर्माणको जिम्मा कोहलपुर-२ स्थित शुभ आर्शिवाद-श्री वि.जी.जे.भीले लिएको छ। रंगशाला निर्माणका कार्यका लागि नगरपालिका र निर्माण व्यवसायीबीच एक वर्षे सम्झौतासमेत भइसकेको छ। दुवैपक्षबीच रंगशाला निर्माण कार्यका लागि २०८२ साउन २२ गते सम्झौता भएको निर्माण व्यवसायी अमृत खत्रीले बताउनुभयो। उहाँका अनुसार सम्झौतामा २०८३ असार मसान्तभित्र प्यारापिट निर्माण गरिसक्नुपर्ने उल्लेख छ। निर्माण व्यवसायी खत्रीले निर्धारित समयमै योजना सम्पन्न गर्नेगरी छिट्टै काम सुरु गर्ने बताउनुभयो।

लामो समयको प्रयासपछि फुटबल रंगशाला निर्माण कार्य औपचारिक रुपमा सुरु भएको कोहलपुर-२ का वडा अध्यक्ष हरी कठायतले बताउनुभयो। उहाँका अनुसार अहिलेसम्म नगरपालिकामा कुनै सुविधासम्पन्न रंगशाला छैन। कोहलपुरलाई खेलकुदको हब बनाउने उद्देश्य अनुसार तेह्र विगाहा मैदानलाई रंगशालामा परिणत गर्न लागिएको वडा अध्यक्ष कठायतले बताउनुभयो। पहिलो चरणमा नगरपालिकाले आफै सुरु गरेको र प्रदेश र संघीय सरकारसँग पनि थप बजेट माग गरिएको छ।

रंगशाला निर्माणका लागि कोहलपुर नगरपालिकाले ब्रिक कन्सल्टेन्ट प्रालिसँग मिलेर तयार गरेको विस्तृत परियोजना प्रतिवेदन तयार गरेको थियो। डीपीआर अनुसार फुटबल रंगशाला निर्माणका लागि २२ करोड लागत लाग्नेछ। फुटबल रंगशाला निर्माण सम्पन्न गर्न कूल २२ करोड ७५ लाख ५४ हजार २७२ रुपैयाँ २३ पैसा लागत लाग्ने डीपीआरमा उल्लेख छ। उक्त रकम लगानीमा रंगशालामा चारैतर्फ सुविधासम्पन्न प्यारापिट निर्माण गरिनेछ। यस्तै वाउन्डिङ वाल, होस्टेल ब्लक, चौशालय, पार्किङ स्थल लगायतका संरचना निर्माण हुनेछन्। यस मैदानमा तीन वर्षदेखि लुम्बिनी प्रदेशकै सबैभन्दा ठूलो धनराशीको फुटबल प्रतियोगिता मुख्यमन्त्री कोहलपुर गोल्डकप सञ्चालन हुँदै आएको छ। कोहलपुर-२ स्थित कोहलपुर रेसिङ साहारा क्लबको आयोजना प्रतियोगिता सञ्चालन हुँदै आएको हो। यही मैदानमा गोल्डकपको चौथो संस्करण सञ्चालन गर्ने तयारीसमेत भइरहेको छ।

# आर्यना लगातार दोस्रोपटक युएस ओपन च्याम्पियन

**एजेन्सी**

न्युयोर्क, २२ भदौ



मेलबर्नदेखि पेरिस र लण्डनसम्म यो वर्ष विश्व नम्बर एक आर्यना साबालेन्काले निराशाको सामना गर्नुपर्‍यो। खेल निरन्तर बलियो रह्यो तर ठूला खेलहरूमा उपाधि हात लागेन। तर, न्युयोर्क फरक छ। त्यसैले यो ग्राण्डस्लाम सिजनको अन्त्य उहाँले लगातार दोस्रोपटक युएस ओपन च्याम्पियनसिपका साथ गर्नुभएको छ। विश्व नम्बर एक तथा डिफेण्डिङ च्याम्पियन आर्यनाले लगातार दोस्रोपटक युएस ओपनको उपाधि जित्नुभएको हो।

शनिबार राती आर्थर एशे स्टेडियममा खेलिएको फाइनलमा अमान्डा एनिसिमोभालाई ६-३, ७-६ (७/३) ले पराजित गर्दै उपाधि जित्नुभयो। यो उहाँको चौथो ग्राण्डस्लाम हो। बेलारुसकी २७ वर्षीया साबालेन्काको यो वर्षको तेस्रो ग्राण्डस्लाम फाइनल थियो। यसअघि उहाँ दुईपटक अमेरिकी खेलाडीहरूसँग पराजित हुनुभएको थियो। उहाँ जनवरीमा अस्ट्रेलियन ओपनमा म्याडिसन किजसँग र जुनमा फ्रेन्च ओपनमा कोको गौफसँग पराजित हुनुभयो। यसपटक पनि उहाँ फाइनलमा अमेरिकी खेलाडी अमान्डा एनिसिमोभासँग भिड्नुभयो। गत वर्ष उहाँले अमेरिकी खेलाडी जेसिका पेगुलालाई हराएर युएस ओपनमा आफ्नो पहिलो उपाधि जित्नुभएको थियो। यतिमात्र होइन, उहाँ २०१२-१४ मा सेरेना विलियम्सपछि युएस ओपनमा लगातार ट्रफी जित्ने पहिलो महिला पनि बन्नुभयो।

अनिसिमोभा विम्बल्डनको फाइनलमा पनि हार्नुभएको थियो। दुई महिनाभन्दा कम समयअघि अल इंग्ल्याण्ड क्लबमा साबालेन्कालाई पराजित गरेपछि अनिसिमोभाले आफ्नो पहिलो ग्राण्डस्लाम फाइनल इगा स्वाटेकसँग ६-०, ६-० ले हार्नुभएको थियो।


## Navaprabhat Samyukta Campus

**Pancheshwar-03 Kulau, Baitadi**
**Estd.:2069 (Campus Code:1019)**
**E-mail:navaprabhatcampusbaitadi@gmail.com,**
**Website:-www.npscbaitadi.edu.np**
**Contact:-9865662405/9865651973/9868810080**

**Notice for Invitation**

**1st Date of Publication: SEP 5 2025 (2082/05/20)**

**Navaprabhat Samykuta Campus, Baitadi** invites Only Electronic Bid under NCB Through PPMO's e-procurement system **www.bolpatra.gov.np/egp** from eligible bidders for the procurement of following mentioned below:

| S. N | Name of Project | Contract ID | Estimated Bid Security Amount Without VAT but Inclusive of PS | Bid Security | Last Date and Time of Bid Submission | Date of Bid Opening |
|---|---|---|---|---|---|---|
| 1 | Construction of 4 Class room Building | NSC/NCB/W/ 01/2082/083 | 9947304.34 | 295000/(Valid For 90 Days) | 2025 Oct, 05, 12:00 PM | 2025 Oct, 05, 2:00 PM |

BANK INFORMATION

| NAME OF BANK | Office Account Name & Number | Bidding Document Fee |
|---|---|---|
| Nabil Bank,Kulau Branch<br>Rastriya Banijya Bank Baitadi Branch | For Bid Document Fee (Nabil Bank Navaprabhat Samyukta Campus) 07601017500162<br>For Bid Security (Rastriya Banijya Bank) 4050100007892001 | Bid Document Fee Nrs.3000/- |

**Campus Chief**

## बन्दीपुर गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**
**बन्दीपुर, तनहुँ**
**गण्डकी प्रदेश, नेपाल**

**आ.व. २०८२/०८३ को आन्तरिक आयको ठेक्का सम्बन्धी बोलपत्र आहवानको सूचना**

**प्रथम पटक प्रकाशित मितिः- २०८२/०५/२३**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४, बन्दिपुर गाउँपालिकाको आर्थिक ऐन, २०८२, बन्दीपुर गाउँपालिकाको खरिद नियमावली, २०७६ र बन्दीपुर गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०८२ /०४/ १८ को निर्णय बमोजिम बन्दिपुर गाउँपालिकाको क्षेत्राधिकार भित्र पर्ने मर्स्याङ्दी र सेती नदिको तपशिलमा उल्लेखित नदी घाटहरुबाट नदीजन्य पदार्थ (ढुंगा, गिटी, बालुवा) उत्खनन् गर्नको लागि बढी बढाउमा ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकाले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले आ.व. २०८२/०८३ को फर्मको नविकरण भएको प्रमाण-पत्रको प्रतिलिपी, मुल्य अभिबृद्धिकर दर्ता प्रमाण-पत्रको प्रतिलिपी, आ.व. २०८०/०८१ को कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपी संग्लन गरी उक्त कार्य गर्न योग्य भएको स्व- घोषणा संग्लन गरी बोलपत्रको फारममा रहेका शर्तहरुको अधिनमा रही रिपुर्बक **Electronic Bid (www.bolpatra.gov.np/egp)** मार्फत बोलपत्र पेश गर्नको लागि सूचना आह्वान गरिएको सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

**तपसिल :-**

| आय ठेक्का नं. | नदि/ खोलाहरुको विवरण | उत्खनन् गरिने घाटको विवरण | उत्खनन् गर्न सकिने अधिकतम परिमाण (घ. मि.) | न्युनतम ठेक्का अंक रु. मा (कर बाहेक) | बोलपत्र जमानत रकम (धरौटी रकम) | बोलपत्र फाराम दस्तुर | बोलपत्र पेश गर्ने अन्तिम मिति, समय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| BRM/IR/GOODS/ 01/2082/083 | मर्स्याङ्दी नदी | याम्पा घाट | ४५५४ | ११,२५,७६३.००/- | मु.अ.कर समेतको कबोल अंकको ५% | ३०००/- | २०८२/०६/२२ दिनको १२:०० सम्म | |
| BRM/IR/GOODS/ 02/2082/083 | सेती नदि | खहरे बगर घाट | १४१८ | ३,५०,५३४.००/- | मु.अ.कर समेतको कबोल अंकको ५% | ३०००/- | २०८२/०६/२२ दिनको १२:०० सम्म | |
| BRM/IR/GOODS/ 03/2082/083 | सेती नदि | ढाप घाट | ३९४९ | ९,७६,२०५.००/- | मु.अ.कर समेतको कबोल अंकको ५% | ३०००/- | २०८२/०६/२२ दिनको १२:०० सम्म | |
| BRM/IR/GOODS/ 04/2082/083 | सेती नदि | झटिनी घाट | २४३० | ६,००,७०४.००/- | मु.अ.कर समेतको कबोल अंकको ५% | ३०००/- | २०८२/०६/२२ दिनको १२:०० सम्म | |
| BRM/IR/GOODS/ 05/2082/083 | सेती नदि | सिसौरी घाट | ४०५० | १०,०१,१७२.००/- | मु.अ.कर समेतको कबोल अंकको ५% | ३०००/- | २०८२/०६/२२ दिनको १२:०० सम्म | |
| BRM/IR/GOODS/ 06/2082/083 | सेती नदि | सुनपोखरी घाट | १८२३ | ४,५०,६५१.००/- | मु.अ.कर समेतको कबोल अंकको ५% | ३०००/- | २०८२/०६/२२ दिनको १२:०० सम्म | |
| BRM/IR/GOODS/ 07/2082/083 | सेती नदि | साराङ्घाट | ३०२४ | ७,४७,५४२.००/- | मु.अ.कर समेतको कबोल अंकको ५% | ३०००/- | २०८२/०६/२२ दिनको १२:०० सम्म | |

**प्रमुख प्रशासकीय अधिकृत**


CMYK